# आर्थिक सर्वेक्षण

# २०८०/८१




## मध्यविन्दु नगरपालिका

### नगर कार्यापालिकाको कार्यालय

चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## विषयसुची


१. कार्यकारी सारांश ........ ५
- क) विश्व अर्थतन्त्र ........ ५
- ख) नेपालको अर्थिक वृद्धि ........ ५
- ग) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको चालु खर्च ........ ७
- घ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको पूँजीगत खर्च ........ ७
- ङ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको आन्तरिक आय ........ ८
- च) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको वित्तीय हस्तान्तरण ........ ८
- छ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा आर्थिक क्षेत्रमा भएको प्रगति ........ ८
- ज) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा सामाजिक क्षेत्रमा भएको प्रगति ........ ९
- झ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा स्थानीय पूर्वाधारमा भएको प्रगति ........ ९
- ञ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा वातावरण क्षेत्रमा भएको प्रगति ........ ९
- ट) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा संस्थागत पूर्वाधारमा भएको प्रगति ........ १०
- ठ) स्थानीय अर्थ तन्त्रका प्रमुख चुनौतीहरु ........ १०
- ड) निजी क्षेत्रबाट भएका मुख्य कामको उपलब्धि ........ १०
- ढ) सहकारी क्षेत्रबाट भएका उपलब्धि ........ १०

२. समग्र आर्थिक स्थिति ........ १०
- क) अन्तराष्ट्रिय आर्थिक स्थिति ........ १०
- ख) नेपालको आर्थिक स्थिति ........ १२
  - क) आर्थिक वृद्धि ........ १२
  - ख) मुल्य स्थिति ........ १३
  - ग) उपभोग ........ १४
  - घ) बचत ........ १५
  - ङ) लगानी ........ १६
  - च) प्रतिव्यक्ति आय ........ १६
  - छ) सार्वजनिक वित्त ........ १७

३. स्थानीय वित्त (गत आर्थिक वर्ष र चालु आ.व. को चैत मसान्त सम्मको विवरण) ........ १८
- क) स्थानीय आय ........ १८
- ख) अन्तर सरकारी वित्तीय हस्तान्तरण ........ १९
- ग) स्थानीय ऋणको अवस्था ........ २१
- घ) स्थानीय खर्च ........ २१

४. आर्थिक विकास (गत आर्थिक वर्ष २०७९/८० र चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्मको विवरण) ........ २१
- क) स्थानीय सडक निर्माणको अवस्था ........ २१

ख) सिंचाई अवस्था ....................................................................................... २२
ग) वित्तीय क्षेत्रः बैंक तथा वित्तीय संस्थाहरु ........................................................ २२
घ) लघु घरेलु साना उद्योगको संख्या ........................................................................ २२
ङ) औद्योगिक ग्राम ....................................................................................... २२
च) सीप विकास सम्बन्धी ................................................................................ २२
छ) श्रम तथा रोजगारी सम्बन्धी विवरण ..................................................................... २२
ज) व्यवसाय दर्ता विवरण ................................................................................ २३
झ) वाणिज्य र बजार अनुगमन ............................................................................. २३
ञ) कृषि उत्पादन ......................................................................................... २३
ट) बजार केन्द्रहरु ....................................................................................... २४
ठ) पर्यटन सम्बन्धी ....................................................................................... २४
ड) उत्पादनमूलक सहकारी ................................................................................ २४
ढ) आर्थिक क्षेत्रका चुनौतीहरु ............................................................................. २४
५. सामाजिक विकास (गत आर्थिक वर्ष र चालु आ.व. को चैत मसान्त सम्मको विवरण) ........................ २५
क) स्वास्थ्य ............................................................................................. २५
ख) खानेपानी र सरसफाई .................................................................................. २६
ग) युवा तथा खेलकुद ..................................................................................... २७
घ) महिला, बालबालिका र जेष्ठ नागरिक ...................................................................... २७
ङ) व्यक्तिगत घटना ....................................................................................... २७
च) राष्ट्रिय परिचय पत्र .................................................................................... २८
छ) सामाजिक सुरक्षा ...................................................................................... २८
ज) बालमैत्री स्थानीय शासन ................................................................................ २८
झ) टोल विकास संस्थाको विवरण ............................................................................ २९
ञ) शिक्षा ............................................................................................... ३३
६. वातावरण तथा विपद् व्यवस्थापन (गत आर्थिक वर्ष र चालु आ.व. को बैशाख मसान्त सम्मको विवरण)..... ३६
क) फोहरमैला व्यवस्थापन .................................................................................. ३६
ख) वातावरण मैत्री स्थानीय शासन ........................................................................... ३६
ग) विपद् व्यवस्थापन ..................................................................................... ३७
घ) हरियाली संरक्षण ...................................................................................... ३७
ङ) वातावरण संरक्षण ...................................................................................... ३७
च) अग्नी नियन्त्रण ........................................................................................ ३७
छ) अन्य विषय ........................................................................................... ३७
७. सुशासन तथा संस्थागत विकास (गत आर्थिक वर्ष र चालु आ.व. को बैशाख मसान्त सम्मको विवरण)....... ३७
क) वडा कार्यालय ......................................................................................... ३७

ख) स्थानीय तहको जनशक्ती विवरण ........ ३८
प्रस्तावित कुल दरबन्दीको विवरण ........ ४३
ग) स्थानीय तह संस्थागत स्वमूल्याङ्कन नतिजा ........ ४३
घ) वित्तीय सुशासनः आन्तरिक नियन्त्रण, बेरुजु र वित्तीय अनुशासन र वित्तीय सुशासन लेखाजोखा .. ४४
ङ) सामाजिक परीक्षण, जाँचपास तथा फरफारक ........ ४४
च) स्थानीय ऐन तथा कानुनहरु को विवरण ........ ४४
छ) स्थानीय प्रकाशनको विवरण ........ ४५
८. अनुसुचीहरु ........ ४५
क) आ.व. २०७४/७५ देखिको स्थानीय आन्तरिक आय ........ ४५
ख) आ.व. २०७४/७५ देखिको खर्चको विवरण ........ ४५
ग) आ.व. २०७४/७५ देखिको संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण विवरण ........ ४५
घ) आ.व. २०७४/७५ देखिको प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण ........ ४६
ङ) आ.व. २०७४/७५ देखिको विद्यार्थी भर्ना दर ........ ४६
च) आ.व. २०७४/७५ देखिको व्यक्तिगत घटना दर्ताको अलग अलग विवरण ........ ४७
छ) आ.व. २०७४/७५ देखिको स्थानीय ऋणको अवस्था ........ ४८
ज) आ.व. २०७४/७५ देखिको कर्मचारीको तलब, भत्ता तथा सुविधामा भएको खर्च ........ ४८
झ) आ.व. २०७४/७५ देखिको जनप्रतिनिधीको तलब, भत्ता तथा सुविधामा भएको खर्च ........ ४८
ञ) आ.व. २०७४/७५ देखिको टोल विकास संस्थाको विवरण ........ ४८
ट) अन्य आवश्यक तथ्याकं ........ ४८

## १. कार्यकारी सारांश

### क) विश्व अर्थतन्त्र

१. विश्वव्यापी रुपमा विभिन्न उतारचढावका बाबजुद विश्व अर्थतन्त्रमा सुधार हुँदै गएको देखिएको छ। सन् २०२२ को मध्यतिरबाट विश्व मुद्रास्फिति कम हुँदै गएसँगै विश्व आर्थिक क्रियाकलापमा विस्तार हुँदै गएको छ। फलस्वरुप, यस अघि सुस्त रहेको विश्व अर्थतन्त्रको वृद्दि सन् २०२३ देखि सन २०२५ सम्म करिब स्थिर रहने र विश्व अर्थतन्त्र थप उत्थानशिल बन्ने अनुमान छ।

२. मुद्रास्फीति घट्दै गएसँगै अधिकांश मुलुकका केन्द्रीय बैंङ्कले लचिलो मौद्रिक नीति अवलम्बन गर्दै आएका कारण वित्तिय गतिविधीमा बढोत्तरी, पुँजी आप्रवाहमा वृद्दि र न्यून आय भएका देशको बजार पहुँच बढेको छ। विकसित मुलुकको ब्याजदर नियमन नीतिका कारण त्यस्ता मुलुकको बचत परिवालन बढेको छ। न्यून आय भएका मुलुकको सार्वजनिक ऋण उच्चदरमा बढ्दै गएकोले वित्तिय गएकोले वित्तिय स्थायित्वका लागि कसिलो वित्त नीति अबलम्बन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

३. रुस-युक्रेन र गाजा इजरायल द्वन्द्वका कारण मध्यकालमा विश्वव्यापी मुद्रास्फितिमा दबाब सिर्जना हुने अनुमान छ। फलस्वरुप, बैंङ्क व्याजदर समेत वृद्दि हुन गई सम्पत्तिको मूल्य समेत घट्ने अनुमान छ। सार्वजनिक ऋण उच्च रहेको सन्दर्भमा राजस्व परिचालनमा वृद्दि र सार्वजनिक खर्च कटौती गर।नुपर्ने अवस्थाले आर्थिक क्रियाकलापमा सुस्तता आउबन सक्ने एंव लगानीकर्ताको वोश्वास कमजोर हुने जोखिम भने कायम छ। चीन-अमेरिका बिच उत्पन्न व्यापार तनावका कारण निर्वाध प्रवाहमा अवरोध सिर्जना हुनसक्ने जोखिम पनि उत्तिकै रहेको छ।

४. भविष्यमा आपूर्तिमा आउनसक्ने अवरोध कम गर्दै मानिसको जीविकोपार्जनलाई सहज बनाउन सामाजिक संरक्षणा र सुरक्षा, जलवायू परिवर्तन अनुकूलन, उर्जाको रुपान्तरण र उर्जा सुरक्षा क्षेत्रमा स्रोत व्यवस्तापन गर्ने नीतिलाई प्राथामिकता दिनुपर्ने देखिन्छ। जलवायु परिवर्तन र भू- आर्थिक ध्रुवीकरणबाट सिर्जित लागत कम गर्न, हरित उर्जाको रुपान्तरणलाई तीब्र पार्न, भू-राजनीतिक सन्तुलन कायम राख्न एंव सार्वजनिक ऋणको पुरंरचनालाई सहजीकरण गर्न बहुपक्षीय समन्वय र साझेदारी अपरिहार्य रहेको छ।

### ख) नेपालको अर्थिक वृद्धि

१. अर्थतन्त्रका अधिकांस सूचक सकारात्मक र उत्साहजनक रहेका छन। गत आर्थिक वर्ष न्यूनदरमा विस्तार भएको नेपालको अर्थतन्त्रमा चालु आर्थिक वर्ष केही सुधार हुने अनुमान छ। कृषि र सेवा क्षेत्रको उत्पादन बढ्ने र उद्योग क्षेत्रको उत्पादनमा सङ्कुचन आउने देखिन्छ। विप्रेषण आप्रवाह र पर्यटनबाट आर्जन हुने भ्रमण आयमा भएको वृद्दि तथा व्यापार घाटामा भएको सुधारका कारण चालु खाता बचतमा रहेको छ। फलस्वरुप, विदेशि मुद्रा सञ्चिति हालसम्मकै उच्च रहन पुगेको छ। समग्रमा, अर्थतन्त्रको वाह्य क्षेत्र सन्तुलित र

सुदृढ बन्दै स्थायित्व कायम भएको छ। विगतमा उच्च रहेको उपभोक्ता मुद्रास्फीति अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको कमी र छिमेकी मुलुक भारतको दमुद्रास्फीतिमा आएको कमीका कारण घट्दै गएको छ।

२. सार्वजनिक वित्त परिचालन दबाबमुक्त भइसकेको छैन, समष्टिगत मागमा वृद्धि नहुँदा आन्तरिक उत्पादनका साथै निर्माणजन्य सामग्रीको आयातमा कमी आएको छ। सरकारको पुँजीगत खर्चमा आएको कमी र अर्थतन्त्रका केही क्षेत्रका गतिविधिमा आएको शिथिलतले सरकारको राजस्व सङ्कलन अपेक्षित रुपमा हुन सकेको छैन। बढ्दो सङ्घीय खर्च र अपेक्षाभन्दा न्यून राजस्व सङ्कलनका कारण स्रोत परिचालनमा दबाब पर्न गई सार्वजनिक ऋणको आकार बढ्दै गएको छ। तसर्थ, स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाई सरकारको ऋण माथिको बढ्दो निर्भरता कम गर्दै वित्तिय स्थायित्व कायम गर्नु चुनौतीपुर्ण छ। साथै, आन्तरिक स्रोत परिचालन न्यून हुँदा प्रदेश र स्थानीय तहको वित्त व्यवस्थापनमा संघीय सरकारबाट हुने हस्तान्तरणको अंश उच्च रहेको छ।

३. निजी र सार्वजनिक लगानी अपेक्षाकृत रुपमा बढ्न सकेको छैन। नीतिगत व्याजदरमा गरेको कटौतीले निक्षेप तथा कर्जाको ब्याजदर घटे पनी नीजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा बढ्न सकेको छैन। वित्तिय क्षेत्रमा लगानीयोग्य तरलता बढेको अनुपातमा लगानी बढ्न सकेको छैन। फलस्वरुप, पुँजी निर्माण, रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपुर्ण रहेको छ।

४. अनुकुल मौसम र उन्नत बीउ बीजनको उपलब्धतासँगै धान लगायत वर्षे बालीको उत्पादन वृद्धिका कारण कृषि क्षेत्रको मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। पर्यटक आगमनसँगै आवास तथा भोजन सेवामा भएको वृद्धुका कारन सामाजिक क्षेत्रमा उल्लेख्य वृद्धि हुने अनुमान छ। निर्माण तथा उत्पादनमूलक उद्योग भने संङ्कुचन हुने अनुमान रहेको छ।

५. चालु आर्थिक वर्ष कृषि र गैरकृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) क्रमशः३.०५ प्रतिशत र ३.७५ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन २.७६ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन २.१३ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्ष धानको उत्पादन ४.३३ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। साथै, हिउँदे वाली तथा नगदे वालीमा भएको वृद्धि तथा पशुपन्छीजन्य उत्पादनमा भइको वृद्धिले कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान रहेको छ।गैरकृषि क्षेत्रतर्फ उत्पादनमूलक उद्योग र निर्माण क्षेत्र बाहेक अर्थतन्त्रका अन्य क्षेत्रहरुको उत्पादन बढ्ने अनुमान रहेको छ।

कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

६. मुलुकको अर्थतन्त्र गैरकृषि क्षेत्रतर्फ रुपान्तरण हुँदै गएको छ। कुल गार्हस्थ उत्पादनमा गैरकृषि क्षेत्रको योगदान बढदै जाँदा कृषि क्षेत्रको योगदान भने घट्दै गएको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७५.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २३.९ प्रतिशत र ७६.१ प्रतिशत रहेको थियो। पछिल्लो दशक कृषि क्षेत्रको औसत योगदान २५.९ प्रतिशत र गैर कृषि क्षेत्रको औसत योगदान ७४.१ प्रतिशत रहेको छ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

## ग) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको चालु खर्च

गत आर्थिक वर्ष २०७९/८० को चैत मसान्त सम्म जम्मा चालु खर्च रु. ३२ करोड ६६ लाख ६० हजार ९ सय २७ रहेकोमा चालु आर्थिक वर्ष २०८०/८१ चैत मसान्त सम्म गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा ०.१२ प्रतिशतले वृद्वि भई रु. ३२ करोड ७० लाख ६५ हजार ८ सय ७० पुगेको छ। गत आर्थिक वर्ष २०७९/८० मा कुल चालु खर्च जम्मा रु. ५२ करोड ७८ लाख ७९ हजार १८ भएको थियो।

## घ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको पूँजीगत खर्च

गत आर्थिक वर्ष २०७९/८० को चैत मसान्त सम्म जम्मा पुँजीगत खर्च रु. ९ करोड ५८ लाख ७९ हजार ४ सय ११ रहेकोमा चालु आर्थिक वर्ष २०८०/८१ चैत मसान्त सम्म गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा ६.३५ प्रतिशतले वृद्वि भई रु. १० करोड १९ लाख ६८ हजार २ पुगेको छ। गत आर्थिक वर्ष २०७९/८० मा कुल पुँजीगत खर्च जम्मा रु. ३२ करोड ५१ लाख ६० हजार १ सय २१ भएको थियो।

## ङ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको आन्तरिक आय

गत आर्थिक वर्ष २०७९/८० को चैत मसान्त सम्म जम्मा आन्तरिक आय रु. ४ करोड १५ लाख ८५ हजार ३ सय ७७ रहेकोमा चालु आर्थिक वर्ष २०८०/८१ चैत मसान्त सम्म गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा २.६५ प्रतिशतले वृद्धि भई रु. ४ करोड २६ लाख ८८ हजार ५ सय ५४ पुगेको छ। गत आर्थिक वर्ष २०७९/८० मा कुल रु. ८ करोड ४७ लाख ५२ हजार ८८ आन्तरिक आय प्राप्त भएको थियो।

## च) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षको वित्तीय हस्तान्तरण

गत आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारबाट वित्तिय हस्तान्तरण स्वरुप समानिकरण अनुदान रु. १५ करोड ८९ लाख १५ हजार, सशर्त अनुदान रु. ३३ करोड ७४ लाख ९२ हजार ५ सय २३ र विशेष अनुदान रु. २ करोड ३७ लाख ४० हजार गरी जम्मा रु. ५२ करोड १ लाख ४७ हजार ६ सय १९ प्राप्त भएको थियो। यसै गरी गत आर्थिक वर्ष प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण स्वरुप समानिकरण अनुदान रु. १ करोड ७९ लाख ५८ हजार ५ सय , सशर्त अनुदान रु. १ करोड ९२ लाख ९७ हजार ६ सय ६३ र समपुरक अनुदान रु. ३२ लाख ४५ हजार गरी जम्मा रु. ४ करोड ५ लाख १ हजार १ सय ६३ प्राप्त भएको थियो।

चालु आर्थिक वर्षको चैत मसान्त सम्म संघीय सरकारबाट वित्तिय हस्तान्तरण स्वरुप समानिकरण अनुदान रु. ७ करोड ४४ लाख ५० हजार, सशर्त अनुदान रु. २२ करोड ७३ लाख ४५ हजार ३ सय ६०, समपुरक अनुदान रु. ६० लाख र विशेष अनुदान रु. १ करोड १८ लाख ६० हजार गरी जम्मा रु. ३१ करोड ९६ लाख ५५ हजार ३ सय ७० प्राप्त भएको छ। यसै गरी चालु आर्थिक वर्षको चैत मसान्त सम्म प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण स्वरुप समानिकरण अनुदान रु. १ करोड ४ लाख ८१ हजार ५ सय, सशर्त अनुदान रु. २५ लाख र समपुरक अनुदान रु. २५ लाख गरी जम्मा रु. १ करोड ५४ लाख ८१ हजार ५ सय प्राप्त भएको छ।

## छ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा आर्थिक क्षेत्रमा भएको प्रगति

आर्थिक क्षेत्र अन्तर्गतका कृषि, पशु, व्यापार, व्यवसाय, पर्यटन, सहकारी जस्ता क्षेत्रहरुमा भएका प्रगती विवरण सम्बन्धित खण्डमा विषयक्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ।

## ज) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा सामाजिक क्षेत्रमा भएको प्रगति

१. शैक्षिक सत्र २०८० मा प्राथमिक तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) भर्नादर क्रमशः ९६.४ र ९९ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०८० मा कक्षा १ मा खुद प्रवेश दर (भर्ना हुने उमेर ५ वर्ष पुरा भएका) ९८.७ प्रतिशत रहेको छ। त्यसैगरी, कक्षा ८ सम्मको टिकाउ दर ८८.१ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ७१.२ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ४१.५ प्रतिशत रहेको छ।

२. आर्थिक वर्ष २०८०/८१ को चैत सम्म नगर अस्पताल बाट बहिरङ्ग सेवा तर्फ १६,६७२ जना र आकस्मिक सेवा तर्फ १,७९१ जना विरामीलाई सेवा प्रवाह भएको छ। यसैगरी स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रबाट आर्थिक वर्ष २०८०/८१ को चैत सम्म बहिरङ्ग सेवा तर्फ ३६,०८८ जना विरामीलाई सेवा प्रवाह भएको छ। नगरपालिकाले विशेषज्ञ चिकित्सक सहित ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, पहाडि क्षेत्रमा थप सुत्केरी यातायात खर्च, सुत्केरी पोषण खर्च, सिमान्तकृत समुदायका १८५ परिवार (माझी, मुसहर, बोटे) को निशुल्क स्वास्थ्य विमा कार्यक्रम जस्ता नविनतम कार्यहरु मार्फत स्वास्थ्य क्षेत्रमा सुधार गरिएको छ।

३. २०८० चैतसम्म ६ हजार ४ सय ६३ लाभग्राहीहरु सामाजिक सुरक्षाको अनलाइन प्रणालीमा आबद्ध भएका छन। चालु आर्थिक वर्षको चैतसम्म जेष्ठ नागरिक, एकल महिला अपाङ्ग भएका व्यक्ती र दलित बालबालिका समेत गरी जम्मा रु. १८ करोड ८२ लाख ७ हजार ४ सय १८ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

## झ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा स्थानीय पूर्वाधारमा भएको प्रगति

आर्थिक वर्ष २०७९/८० सम्म यस नगरपालिकामा पक्की नाली ११.७३ किलोमिटर बनेकोमा आ.व. २०८०/८१ मा ६.६५ किलोमिटर थप भएको छ। आ.व. २०७९/८० सम्म जम्मा कालोपत्रे सडक २३.५९ किलोमिटर रहेकोमा आ.व. २०८०/८१ को चैत मसान्त सम्ममा ०.५९ किलोमिटर कालोपत्रे थप भएको छ। यसैगरी आ.व. २०७९/८० सम्म ढलान बाटो ५.९ किलोमिटर रहेकोमा आ.व. २०८०/८१ को चैत मसान्त सम्म ०.२५ किलोमिटर बाटो ढलान थप भएको छ।

नगरक्षेत्रमा ३ रंगशाला, २ कभर्ड हल, १२ फुटबल मैदान र १७ भलिबल मैदान रहेका छन। नगरकार्यपालिकाको कार्यालय परिसरमा १ सुविधासम्पन्न सभाहल संचालनमा रहेको छ भने आरुङ्गखोला सभाहल निर्माणाधिन चरणमा रहेको छ। चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म १५ शैयाको नगर अस्पताल भवन, २ वडा कार्यालय भवन, १ पुस्तकालय भवन र बजार क्षेत्र विस्तार तथा नगर अस्पतालको स्रोत व्यवस्थापनका लागि उपयोग गर्ने गरी सटर निर्माण कार्य निर्माणाधिन रहेका छन।

## ञ) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा वातावरण क्षेत्रमा भएको प्रगति

फोहरमैलाको दिगो ब्यबस्थापनको लागि २०८० वैशाख देखि सुरु गरिएको सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन कार्यक्रम वडा नं. ७, ८, १०, ११ र १२ मा विस्तार गरिएको

छ। जसमा हाल सम्म ५,२९३ सदस्यता कार्ड बितरण गरि सेवा प्रवाह गरिएको छ। वातावरण प्रवर्द्धनका लागि आ.व. २०८०/८१ मा १ घर २ फलफुलको विरुवा अभियान संचालन गरिएको छ। सबै विद्यालयहरुमा जडिबुटिका विरुवा रोप्ने तथा बगैचा निर्माण गरी हरित विद्यालय कार्यक्रम संचालन गरिएको छ।

### ट) चालु आर्थिक वर्षको चैत मसान्त सम्म र गत आर्थिक वर्षमा संस्थागत पूर्वाधारमा भएको प्रगति

माध्यविन्दु नगरपालिकामा २०८० चैत मसान्त सम्म सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरिय र प्रभावकारी बनाउनको लागि नगरपालिकामा एक नगर कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन, एक नगर सभाहल, ८ वटा नयाँ वडा कार्यालय भवन र ६ वटा आधारभुत स्वास्थ्य केन्द्रहरु निर्माण सम्पन्न भएका छन्। यसैगरी २ वटा वडा कार्यालय निर्माणाधिन चरणमा रहेका छन।

### ठ) स्थानीय अर्थ तन्त्रका प्रमुख चुनौतीहरु

- मानव संसाधन विकास र व्यवस्थापन
- प्राकृतिक स्रोतको परिचालन र दिगो व्यवस्थापन
- उत्पादन र उत्पादकत्व वृद्घि र बजार व्यवस्थापन
- भूमी व्यवस्थापन
- आधारभुत पुर्वाधारको विकास
- रोजगारी, व्यवसाय र उद्यमशिलता प्रवर्द्धन
- पर्यटन प्रवर्द्धन

### ड) निजी क्षेत्रबाट भएका मुख्य कामको उपलब्धि

नगर क्षेत्रभित्र पर्यटन सँग सम्बन्धित होटेल व्यवसाय, होम स्टे, कृषि तथा पशु जन्य व्यवसायहरु, निर्माण सामग्री सँग सम्बन्धित उद्योगहरु, कागज, जुत्ता, फर्निचर जस्ता उत्पादनमुलक उद्योगहरु, विभिन्न घरेलु तथा साना उद्योगहरु संचालनमा रहेका छन जसबाट वस्तु तथा सेवाको उपलब्धता, रोजगारी सिर्जना, आर्थिक वृद्धिमा महत्वपुर्ण योगदान पुगेको छ।

### ढ) सहकारी क्षेत्रबाट भएका उपलब्धि

सहकारी मार्फत स्थानीय स्रोत साधनको परिचालन गरी उत्पादन मुलक कार्य मार्फत रोजगारीको सिर्जना गर्दै आय आर्जनमा योगदान पुगेको छ। तालिम तथा गोष्ठी मार्फत चेतना अभिवृद्धि र नेतृत्व विकासमा सहयोग पुगेको छ। साथै, वित्तिय साक्षरता मार्फत बचत गर्ने बानिको बिकास गरि उद्यमशिलता प्रवर्द्धन गर्दै स्वरोजागरीका अवसरहरु सिर्जना गरेको छ।

## २. समग्र आर्थिक स्थिति

### क) अन्तराष्ट्रिय आर्थिक स्थिति

१. विश्व मुद्रास्फीतिमा देखिएको सुधारसँगै आर्थिक क्रियाकलापमा भएको विस्तारले विश्व आर्थिक

वृद्धिमा सकारात्मक प्रभाव परेको छ। यद्यपि, रुस-युक्रेन युद्ध, भूराजनीतिक तनाब, न्यून उत्पादकत्व र उच्च ऋण लागतका कारण अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। सन् २०२३ मा समेत विश्व अर्थतन्त्र सोही दरमा विस्तार भएको अनुमान छ।

२. सन् २०२२ को मध्यमा उच्च रहेको विश्व मुद्रास्फीति घट्दै जानु, आर्थिक गतिविधि बढ्दै जानु, विश्व अर्थतन्त्रको वृद्धिदर पूर्वानुमान भन्दा उच्च रहनु र सरकारी खर्च तथा घरपरिवार उपभोगको वृद्धि अपेक्षा गरिए भन्दा उच्च रही समष्टिगत माग बढ्दै गएकोले सन् २०२३ पश्चात विश्व अर्थतन्त्र क्रमशः सामान्यीकरणतर्फ उन्मुख हुँदै गएको छ।

**विश्व आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| अर्थतन्त्र | २०१९ | २०20 | २०२1 | २०२२ | २०२३ | २०२४* |
|---|---|---|---|---|---|---|
| विश्व अर्थतन्त्र | २.८ | -२.७ | ६.५ | ३.५ | ३.२ | ३.२ |
| विकसित अर्थतन्त्र | १.८ | -३.९ | ५.७ | २.६ | १.६ | १.७ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ३.६ | -१.८ | ७.० | ४.१ | ४.३ | ४.२ |
| उदीयमान तथा विकासशील एशिया | ५.२ | -०.५ | ७.७ | ४.४ | ५.६ | ५.२ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक | १.० | -२.७ | ४.३ | ५.२ | १.९ | २.७ |
| उदीयमान तथा विकासशील युरोप | २.५ | -१.६ | ७.५ | १.२ | ३.२ | ३.१ |
| युरोपियन युनियनका मुलुक | २.० | -५.५ | ६.१ | ३.६ | ०.६ | १.१ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ४.६ | ०.५ | ४.५ | ४.२ | ४.० | ४.७ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ *प्रक्षेपण

३. सन् २०२४ मा बिकसित मुलुकको आर्थिक वृद्धिमा सुधार हुने प्रक्षेपण रहेको छ। सन् २०२३ मा १.६ प्रतिशतले विस्तार भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०२४ मा १.७ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ। सन् २०२१ मा उदीयमान तथा विकासशील मुलुकको अर्थतन्त्र उच्च दरमा विस्तार भएपनि त्यसपछिका वर्षमा भने औसत आर्थिक वृद्धि ४.२ प्रतिशत रहेको छ। सन् २०२४ मा यस्ता मुलुकको अर्थतन्त्र ४.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ। सन् २०२३ मा उदीयमान तथा विकासशील मुलुकको अर्थतन्त्र ४.३ प्रतिशतले विस्तार भएको अनुमान छ।

४. सन् २०२३ मा अन्य मुलुकको दाँजोमा उदीयमान तथा विकासशील एशियाको अर्थतन्त्र उच्च दरमा विस्तार भएकोमा सन् २०२४ मा समेत उच्च दरमा विस्तार हुने प्रक्षेपण रहेको छ। विकसित अर्थतन्त्र, मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक, युरोपियन युनियनका मुलुक र न्यून आय भएका विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि सन् २०२३ को तुलनामा बढ्ने प्रक्षेपण छ। साथै, उदीयमान तथा विकासशील अर्थतन्त्र, उदीयमान तथा विकासशील एशिया र यूरोपको आर्थिक वृद्धि सन् २०२३ 'को तूलनामा न्यन हने प्रक्षेपण रहेको छ। सन् २०१९ देखि २०२३ सम्म विश्व अर्थतन्त्रको आसत बाद्धि २.७ प्रतिशत र विकसित अर्थतन्त्रको १.६ प्रतिशत रहेको

५. छ। सन् २०१९ देखि २०२३ सम्मको अबधिमा उदीयमान तथा विकासशील एशियाको अर्थतन्त्रको औसत वृद्धि ४.५ प्रतिशत रहेको छ। सन् २०२५ मा उदीयमान तथा विकासशील एशिया बाहेक बिकसित अर्थतन्त्र र न्यून आय भएका विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि बढ्ने प्रक्षेपण रहेको छ।

६. विश्व आर्थिक गतिविधि बढ्दै गएको भए तापनि दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिमा यसको प्रभाव मिश्रित रहने देखिन्छ। माल्दिभ्स, नेपाल र पाकिस्तानको आर्थिक वृद्धिदर बढ्ने र अन्य दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ। सन् २०२३ मा नेपालको आर्थिक वृद्धि ०.८ प्रतिशत रहेकोमा सन् २०२४ मा ३.१ प्रतिशत हुने प्रक्षेपण रहेको छ। दक्षिण एशियाली मुलुकमध्ये भारतको आर्थिक वृद्धि उच्च रहने अनुमान छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा चीनको अर्थतन्त्रमा ०.६ प्रतिशत बिन्दुले कमी आई ४.६ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

## ख) नेपालको आर्थिक स्थिति

### क) आर्थिक वृद्धि

१. अर्थतन्त्रका अधिकांस सूचक सकारात्मक र उत्साहजनक रहेका छन। गत आर्थिक वर्ष न्यूनदरमा विस्तार भएको नेपालको अर्थतन्त्रमा चालु आर्थिक वर्ष केही सुधार हुने अनुमान छ। कृषि र सेवा क्षेत्रको उत्पादन बढ्ने र उद्योग क्षेत्रको उत्पादनमा सङ्कुचन आउने देखिन्छ। विप्रेषण आप्रवाह र पर्यटनबाट आर्जन हुने भ्रमण आयमा भएको वृद्धि तथा व्यापार घाटामा भएको सुधारका कारण चालु खाता बचतमा रहेको छ। फलस्वरुप, विदेशि मुद्रा सञ्चिति हालसम्मकै उच्च रहन पुगेको छ। समग्रमा, अर्थतन्त्रको वाह्य क्षेत्र सन्तुलित र सुदृढ बन्दै स्थायित्व कायम भएको छ। विगतमा उच्च रहेको उपभोक्ता मुद्रास्फीति अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको कमी र छिमेकी मुलुक भारतको दमुद्रास्फीतिमा आएको कमीका कारण घट्दै गएको छ।

**दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| मुलुक | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४* |
|---|---|---|---|---|---|
| बङ्गलादेश | ३.४ | ६.९ | ७.१ | ६ | ५.७ |
| भूटान | -२.५ | -३.३ | ४.८ | ४.६ | ४.३ |
| भारत | -५.८ | ९.७ | ७ | ७.८ | ६.८ |
| माल्दिभ्स | -३२.९ | ३७.७ | १३.९ | ४.४ | ५.२ |
| नेपाल | -२.४ | ४.८ | ५.६ | ०.८ | ३.१ |
| श्रीलङ्का | -४.६ | ३.५ | -७.८ | # | # |
| पाकिस्तान | -०.९ | ५.८ | ६.२ | -०.२ | २ |
| अफगानिस्तान | -२.४ | -१४.५ | -६.२ | # | # |
| चीन | २.२ | ८.४ | ३.० | ५.२ | ४.६ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ * प्रक्षेपण # प्रक्षेपण नगरेको

### ख) मुल्य स्थिति

१. उर्जाको मूल्यमा आएको गिरावट र आपूर्ति श्रृङखलामा भएको सुधारसँग विश्व मुद्रास्फीति सन २०२३ को तुलनामा सन २०२४ मा घट्ने प्रक्षेपण छ। बिकसित, उदीयमान तथा विकासशील अर्थतन्त्र र एशियाबाहेक कतिपय मुलुकमा भने दोहोरो अङ्कको मुद्रास्फीति रहने प्रक्षेपण छ।

२. सन् २०२२ मा २७.६ प्रतिशत रहेको उदीयमान तथा विकासशील युरोपको मुद्रास्फीति सन् २०२३ मा १९.४ प्रतिशत रहेको अनुमान छ। सन २०२४ मायी मुलुकको मुद्रास्फीति १८. प्रतिशत हुने प्रक्षेपण छ। त्यसैगरी, सन २०२४ मा न्यून आय भएका विकासशील अर्थतन्त्रको मुद्रास्फीति १६.३ प्रतिशत रहने प्रक्षेपण छ। सन २०२४ मा अन्य मुलुकको मुद्रास्फीतिमा कमी आउने प्रक्षेपण रहेतापनि उदीयमान तथा विकासशील एशियाको मुद्रास्फीति भने सन २०२३ को हाराहारीमा रहने प्रक्षेपण छ।

**दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति**

(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

| मुलुक | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४* |
|---|---|---|---|---|---|
| बङ्गलादेश | ५.६ | ५.६ | ६.१ | ९.० | ९.३ |
| भूटान | ३.० | ८.२ | ५.९ | ४.६ | ४.९ |
| भारत | ६.२ | ५.५ | ६.७ | ५.४ | ४.६ |
| माल्दिभ्स | -१.६ | ०.२ | २.६ | २.६ | ३.८ |
| नेपाल | ६.१ | ३.६ | ६.३ | ७.८ | ६.३ |
| श्रीलङ्का | ४.६ | ६ | ४५.२ | # | # |
| अफगानिस्तान | ५.६ | ७.८ | १०.६ | # | # |
| पाकिस्तान | १०.७ | ८.९ | १२.१ | २९.२ | २४.८ |
| चीन | २.५ | ०.९ | २.० | ०.२ | १.० |

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४   * प्रक्षेपण   #प्रक्षेपण नगरेको

३. सन २०२४ मा दक्षिण एशियाली मुलुकमध्ये पाकिस्तानको मुद्रास्फीति सबैभन्दा बढी रहने प्रक्षेपण छ। पाकिस्तान बाहेक अन्य मुलुकको मुद्रास्फीति एकल अङ्कमा कायम रहने अनुमान छ। सन २०२३ मा २९.२ प्रतिशत रहेको पाकिस्तानको मुद्रास्फीति सन २०२४ मा २४.८ प्रतिशत रहने प्रक्षेपण छ। नेपालको मुद्रास्फीति सन २०२३ मा ७.८ प्रतिशत रहेकोमा सन २०२४ मा ६.३ प्रतिशत हुने प्रक्षेपण रहेको छ। सन २०२३ मा ०.२ प्रतिशत रहेको चीनको मुद्रास्फीति सन २०२४ मा सीमान्त वृद्धि भइ १.० प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ।

४. नेपालको २०१९ देखि २०२३ सम्मको आसत मुद्रास्फीति ५.७ प्रतिशत रहेको 'छ। यस अवधिमा चीन र भारतको औसत मुद्रास्फीति क्रमशः १.७ प्रतिशत र ५.७ प्रतिशत रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन २०२४ मा नेपाल, भारत र चीनको मुद्रास्फीति क्रमशः ६.३ प्रतिशत, ४.६ प्रतिशत र १.० प्रतिशत रहने प्रक्षेपण गरेको छ।

## ग) उपभोग

१. कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश वार्षिक औसत ९१.२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष यस्तो अंश ९२.४ प्रतिशत रहने अनुमान छ। गतआर्थिक वर्ष ६.५ प्रतिशतले बढेको कुल उपभोग चालु आर्थिक वर्ष ६.४ प्रतिशतले बढ्ने अनुमान छ।

**उपभोगको प्रवृत्ति** (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ — *अनुमानित

२. कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्रको उपभोगको अंश घट्दै गएको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्र र निजी क्षेत्रको उपभोगको अनुपात क्रमशः ६.३ प्रतिशत र ८४.२ प्रतिशत तथा गैर-नाफामूलक संस्थाको उपभोगको अंश १.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमशः ६.६ प्रतिशत, ८४.१ प्रतिशत र १.६ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा यस्तो अनुपात क्रमशः ८.० प्रतिशत, ८१.५ प्रतिशत र १.६ प्रतिशत रहेको छ।

३. कुल उपभोगमा सरकारी क्षेत्रको उपभोगको अंश घट्दै गएको छ भने निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अंश केही बढेको छ। चालु आर्थिक वर्ष सरकारी क्षेत्र, निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अनुपात क्रमशः ६.८१ प्रतिशत, ९१.१५ प्रतिशत र २.०४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमशः ७.१८ प्रतिशत, ९०.८२ प्रतिशत र २.० प्रतिशत रहेको थियो। विगत दश वर्षको यस्तो औसत अनुपात क्रमशः ८.८ प्रतिशत, ८९.४ प्रतिशत र १.८ प्रतिशत रहेको छ।

४. कुल निजी उपभोगमा खाद्य वस्तु उपभोगको अंश बढी छ। चालु आर्थिक वर्ष कुल निजी उपभोगमा खाद्य वस्तु, गैरखाद्य वस्तु र सेवाको अंश क्रमशः ४८.६ प्रतिशत, १३८.५ प्रतिशत र ३२.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अंश 'क्रमशः ४८.४ प्रतिशत, १८.७ प्रतिशत र ३२.९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल निजी

उपभोगमा खाद्य, गैर खाद्य वस्तु र सेवाको अंश वार्षिक औसत क्रमशः ४९.० प्रतिशत, १८.५ प्रतिशत र ३२.५ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा निजी क्षेत्रको उपभोग संरचना* (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

### घ) बचत

१. गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत ७.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष सीमान्त वृद्धि भइ ७.६ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत वार्षिक औसत ८.८ प्रतिशत रहेको छ।

कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत
(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

२. कुल गाहस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचतको अंश पछिल्ला दुई आथिक बर्ष ढेको छ। चालु आर्थिक वर्ष कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३६.१५ तिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात ३३.७९ प्रतिशत रहेको यो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचत वार्षिक औसत ६.०६

प्रतिशत रहेको छ।

**ङ) लगानी**

१. पुँजीगत खर्च र कर्जा लगानी न्यून भएका कारण कुल लगानीमा समेत कमी आएको छ। आर्थिक वर्ष २०७६/७७ मा उच्चदरले घटेको कुल लगानी त्यसपछि क्रमशः बढ्दै गत आर्थिक वर्ष पुनः घटेको छ। लगानीको वातावरणमा सुधार भइ लगानीकर्ताको आत्मविश्वास क्रमशः बढ्दै जाने अनुमानका आधारमा चालु आर्थिक वर्ष कुल लगानी २.५ प्रतिशतले बढेर रू.१७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान छ। पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३४.३ प्रतिशत रहेको छ।

**लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति**
(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

चालु आर्थिक बर्ष कुल स्थिर लगानी ४.० प्रतिशतले बढ्ने अनुमान रहेको छ। गत आर्थिक वर्ष यस्तो लगानी ७.० प्रतिशतले घटेको थियो। गत आर्थिक वर्ष कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २५.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.६ प्रतिशत बिन्दुले घटेर २४.५ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल लगानी र कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत क्रमशः ३४.३ प्रतिशत र २९.१ प्रतिशत रहेको छ।

**च) प्रतिव्यक्ति आय**

गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्यमा) रु. १ लाख ८१ हजार ५ सय ६९ रहेकोमा चालु आर्थिक वर्ष रु. १ लाख ९१ हजार ८ सय ८८ पुग्ने अनुमान छ।चालु आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन ५.७ प्रतिशतले बढ्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ उत्पादनको वार्षिक औसत वृद्दिदर ९.१ प्रतिशत रहेको छ।गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन १,३८९ अमेरिकि डलर

रहेकोमा चालु आर्थिक वर्ष १,४३४ अमेरिकि डलर पुग्ने अनुमान छ।

प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

**छ) सार्वजनिक वित्त**

१. लगानीका लागि बचत अपर्याप्त रहेको छ। न्यून बचत र कमजोर पुँजीगत खर्चका कारण बचत-लगानी अन्तर कम हुन सकेको छैन। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा बचत-लगानी अन्तर २४.३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो अन्तर १.४ प्रतिशत बिन्दुले कमी आई २२.९ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक यस्तो अन्तर सबैभन्दा बढी आर्थिक वर्ष २०७८/७९ मा रहेको थियो।

कुल गार्हस्थ्य बचत-लगानी अन्तर
(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

२. पछिल्ला बर्षमा लगानीका तुलनामा कुल राष्ट्रिय बचत उल्लख्य बृद्ध भएकोल कुल राष्ट्रिय बचत र लगानीबीचको अन्तर धनात्मक बन्दै गएको छ। विप्रेषण आप्रवाह र भ्रमण आयमा उल्लेख्य वृद्धि भएकोले कुल राष्ट्रिय बचतमा वृद्धि भएको हो। गत आर्थिक वर्ष

कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचत र लगानीबीचको अन्तरको अनुपात क्रमशः २.१ प्रतिशत र ५.६ प्रतिशतले धनात्मक रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७६ र आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात ऋणात्मक रहेको थियो।

## ३. स्थानीय वित्त (गत आर्थिक वर्ष र चालु आ.व. को चैत मसान्त सम्मको विवरण)

### क) स्थानीय आय

**(क) स्थानीय आयको अवस्था**

आर्थिक वर्ष २०७९/८० मा मध्यविन्दु नगरपालिकको कुल आन्तरिक आय रु. १० करोड ३८ लाख ८४ हजार ६२ रहेकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्मको कुल आय रु. ४ करोड २६ लाख ८८ हजार ५ सय ५४ रहेको छ।

**(ख) सम्पत्ती कर**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय अन्तर्गत सम्पत्ती करबाट रु. ७७ लाख १५ हजार १ सय ९० रहेकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. २३ लाख ७२ हजार २ सय ९८ प्राप्त भएको छ।

**(ग) व्यवसाय कर**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय अन्तर्गत व्यवसाय कर रु. ४१ लाख ४९ हजार ७ सय २५ रहेकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. ३८ लाख ४४ हजार ३ सय ७४ प्राप्त भएको छ।

**(घ) ढुङ्गा, गिट्टी, वालुवा**

आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक आय अन्तर्गत ढुङ्गा, गिट्टी, वालुवा बाट दहत्तर बहत्तर शुल्क रु. २ करोड २३ लाख २१ हजार १ सय ४० प्राप्त भएकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म गत आ.व. को जफत बाट प्राप्त भएको आम्दानी समेत गरी रु. ९९ लाख ४९ हजार २ सय ९३ प्राप्त भएको छ।

**(ङ) कवाडी कर**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय अन्तर्गत कवाडी कर संकलन नभएकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. ९ लाख २६ हजार प्राप्त भएको छ।

**(च) मनोरञ्जन कर**

आन्तरिक आय अन्तर्गत मनोरञ्जन कर बापत हाल सम्म कुनै आय प्राप्त भएको छैन।

**(छ) विज्ञापन कर**

आन्तरिक आय अन्तर्गत विज्ञापन कर बापत हाल सम्म कुनै आय प्राप्त भएको छैन।

**(ज) भूमिकर**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय अन्तर्गत भूमिकर रु. ३ लाख २३ हजार १ सय ४२ रहेकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. ३९ लाख ५८

हजार २ सय ९६ प्राप्त भएको छ।

**(झ) घर जग्गा रजिष्ट्रेशन**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय अन्तर्गत घर जग्गा रजिष्ट्रेशन बापत रु. १ करोड ९५ लाख ४ हजार १ सय ४३ प्राप्त भएकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. १ करोड १९ लाख १९ हजार १ सय ३७ प्राप्त भएको छ।

**(ञ) नक्सा पास**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय मध्ये नक्सा पास बाट रु. २४ लाख १० हजार ३ सय ७७ रहेकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. ११ लाख २९ हजार ९ सय ५४ प्राप्त भएको छ।

**(ट) हाट बजार ठेक्का**

आर्थिक वर्ष २०७९/८० र चालु आ.व. २०८०/८१ मा हाट बजारको ठेक्का नलागेकोले नगर प्रहरी मार्फत हाट बजार शुल्क संकलन भैरहेको र चालु आ.व. को चैत मसान्त सम्म हाट बजार बाट रु. ४ लाख ४७ हजार १ सय ५५ प्राप्त भएको छ।

**(ठ) सिफारिस शुल्क**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय अन्तर्गत सिफारिश शुल्क बापत रु. १ करोड १ लाख ३२ हजार ८ सय ८७ प्राप्त भएकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. ६४ लाख ७२ हजार ५ सय ४९ प्राप्त भएको छ।

**(ड) विविध आय**

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आय अन्तर्गत माथि उल्लिखित शिर्षक बाहेक विविध आय रु. ३० लाख ८८ हजार ४६ रहेकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म रु. १६ लाख ६९ हजार ४ सय ९८ प्राप्त भएको छ। विविध आय अन्तर्गत व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, प्रशासनिक दण्ड जरिवाना जफत आदि रहेका छन।

**(ड) स्थानीय आय व्यवस्थापनका चुनौतीहरु**

- कर सहभागितामा वृद्दि गर्नु,
- सम्पुर्ण आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउनु,
- करको दायरा विस्तारका लागि नयाँ स्रोतहरु पहिचान गर्नु,
- कर प्रशासनलाई चुस्त दुरुस्त बनाउनु,
- विद्युतीय कर भुक्तानी प्रणाली कार्वान्वयन गर्नु,
- प्राकृतिक श्रोत साधनको परिचालन र व्यवस्थापनमा नीतिगत तथा कानूनी स्पष्टता गर्नु।

## ख) अन्तर सरकारी वित्तीय हस्तान्तरण

**(क) वित्तीय समानीकरण अनुदान**

आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु. १५ करोड

८९ लाख १५ हजार प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. ७ करोड ४४ लाख ५० हजार प्राप्त भएको छ। साथै, प्रदेश सरकारबाट समानिकरण अनुदान तर्फ आर्थिक वर्ष २०७९/८० मा रु. १ करोड ७९ लाख ५८ हजार ५ सय प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. १ करोड ४ लाख ८१ हजार ५ सय प्राप्त भएको छ ।

**(ख) राजस्व बाँडफाँट**

संघीय सरकारबाट राजश्व बाँडफाँट अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा मुल्य अभिवृद्धि कर तर्फ रु. ७ करोड २५ लाख ४१ हजार ८ सय ८, अन्तशुल्क तर्फ रु. २ करोड ७६ लाख ३९ हजार ६७ र वन रोयल्टि तर्फ रु. १ करोड ८३ लाख १४ हजार ९ सय ११ गरी जम्मा रु. ११ करोड ८४ लाख ९५ हजार ७ सय ८६ प्राप्त भएको थियो। यसैगरी, चालु आर्थिक वर्षको चैत मसान्त सम्म संघीय सरकारबाट राजश्व बाँडफाँट अन्तर्गत मुल्य अभिवृद्धि कर तर्फ रु. ५ करोड ३१ लाख १० हजार २ सय २५, अन्तशुल्क तर्फ रु. २ करोड ६५ लाख ३५ हजार १ सय ५३ र वन रोयल्टि तर्फ रु. ७३ लाख ९ हजार ४ सय ८३ गरी जम्मा रु. ८ करोड ६९ लाख ५४ हजार ८ सय ६१ प्राप्त भएको छ।

प्रदेश सरकारबाट राजश्व बाँडफाँट अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा सवारी साधन कर तर्फ रु. १ करोड ३२ लाख २८ हजार ३ सय १५ प्राप्त भएको थियो भने चालु आर्थिक वर्षको चैत मसान्त सम्म रु. ९६ लाख ३ हजार १ सय ३९ प्राप्त भएको छ।

**(ग) विशेष अनुदान**

संघीय सरकारबाट विशेष अनुदान शिर्षकमा गत आर्थिक वर्ष २०७९/८० मा रु. २ करोड ३७ लाख ४० हजार ९६ प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. १ करोड १८ लाख ६० हजार प्राप्त भएको छ। प्रदेश सरकारबाट गत आर्थिक वर्ष २०७९/८० र चालु आर्थिक वर्ष २०८०/८१ मा विशेष अनुदान प्राप्त भएको छैन।

**(घ) समपुरक अनुदान**

संघीय सरकारबाट समपुरक अनुदान शिर्षकमा आर्थिक वर्ष २०७९/८० मा रकम प्राप्त भएको थिएन भने आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. ६० लाख प्राप्त भएको छ। त्यस्तै प्रदेश सरकारबाट आर्थिक वर्ष २०७९/८० मा रु. ३२ लाख ४५ हजार प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. २५ लाख प्राप्त भएको छ ।

**(ङ) सशर्त अनुदान**

सशर्त अनुदान शिर्षकमा संघीय सरकारबाट आर्थिक वर्ष २०७९/८० मा रु. ३३ करोड ७४ लाख ९२ हजार ५ सय २३ प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. २२ करोड ७३ लाख ४५ हजार ३ सय ६० प्राप्त भएको छ। त्यस्तै प्रदेश सरकारबाट आर्थिक वर्ष २०७९/८० मा रु.१ करोड ९२ लाख ९७ हजार ६ सय ६३ प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. २५ लाख प्राप्त भएको

छ।

### ग) स्थानीय ऋणको अवस्था

मध्यविन्दु नगरपालिकाले हालसम्म कुनै पनि रुपमा स्थानीय ऋण लिएको छैन।

### घ) स्थानीय खर्च

**क) चालु खर्च**

मध्यविन्दु नगरपालिकाको आर्थिक वर्ष २०७९/८० मा कुल चालु खर्च रु. ५२ करोड ७८ लाख ७९ हजार १८ भएकोमा चालु आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. ३२ करोड ७० लाख ६५ हजार ८ सय ७० खर्च भएको छ।

**ख) पूँजीगत खर्च**

मध्यविन्दु नगरपालिकाको आर्थिक वर्ष २०७९/८० मा कुल पूँजीगत खर्च रु. ३२ करोड ५१ लाख ६० हजार १ सय २१ रहेकोमा चालु आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्म रु. १० करोड १९ लाख ६८ हजार २ खर्च भएको छ।

**ग) वित्तीय व्यवस्था**

मध्यविन्दु नगरपालिकामा हाल सम्म वित्तिय व्यवस्था तर्फ खर्च भएको छैन।

**घ) स्थानीय खर्चका चुनौतीहरु**

क) पूँजी निर्माण र उत्पादनशिल क्षेत्रमा खर्च वृद्दि गर्नु,
ख) चालु प्रकृतीका प्रशासनिक, सामाजिक तथा वितरणमुखि खर्चको दायरा सिमित गर्नु,
ग) आन्तरिक आयको दायरा विस्तार गरि दिगो स्रोतको सुनिश्चितता गर्नु,
घ) आयोजना तथा कार्यक्रमहरु लक्ष्य अनुरुप समयमै सम्पन्न गर्नु,
ङ) पुर्व तयारी र संभाव्यता अध्ययन गरी कार्यान्वयनयोग्य आयोजना छनौट गर्नु,
च) सार्वजनिक खरिद सम्बन्धी कानूनको स्पष्टता र बुझाईमा एकरुपता कायम गर्नु,

## ४. आर्थिक विकास (गत आर्थिक वर्ष २०७९/८० र चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्मको विवरण)

### क) स्थानीय सडक निर्माणको अवस्था

| क्र.स. | सडक | आ.ब. २०७८/७९ सम्म | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ चैत्र मसान्त सम्म | हाल सम्म जम्मा | ईकाइ |
|---|---|---|---|---|---|---|
| १ | नाली निर्माण | | ११७३५.७१ | ६३८२.६० | १८११८.३१ | मि. |
| २ | कालोपत्रे सडक | २१४५०.०० | २१४४.०० | ५९३.०० | २४१८७ | मि. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | बाटो ढलान | ४९९९.५० | ९०३.२५ | २५२.०० | ६१५४.७५ | मि. |
| ४ | बाटो ग्रावेल ग्रेडिंग रोलिंग | २३३४४०.०० | ११४३७.७९ | २३००.०० | २४७१७७.७९ | मि. |
| ५ | कच्ची सडक | ६३२३०.०० | १४५०.०० | ८९१.०० | ६५५७१ | मि. |

## ख) सिंचाई अवस्था

कृषि गणना २०७८ बमोजिम नगर क्षेत्र भित्र कुल ४०६७.४ हेक्टर खेतियोग्य जमिन रहेकोमा गत आर्थिक वर्ष सम्म २६८० हेक्टर क्षेत्रफलमा सिचाई सुविधा पुगेकोमा चालु आर्थिक वर्ष २०८०/८१ को चैत मसान्त सम्ममा थप ३५ हेक्टर क्षेत्रफलमा सिचाई सुविधा वृद्धि भइ २७१५ हेक्टर क्षेत्रफलमा सिचाई सुविधा पुगेको छ।

## ग) वित्तीय क्षेत्रः बैंक तथा वित्तीय संस्थाहरु

मध्यविन्दु नगरक्षेत्र भित्र चोरमारा बजारमा ४, अरुणखोला बजारमा ५ र कोल्हुवामा १ गरी जम्मा १० वाणिज्य वैंकका शाखा कार्यालयहरु र १६ लघुवित्त संस्थाहरु संचालनमा रहेका छन। यसैगरी नगरक्षेत्र भित्र ३३ सहकारी संस्थाहरुले विभिन्न क्षेत्रहरुमा कार्य गरिरहेका छन।

## घ) लघु घरेलु साना उद्योगको संख्या

नगरक्षेत्रभित्र कागज उद्योग-१, जुत्ता उद्योग-१, क्रसर तथा बालुवा प्रशोधन उद्योग-१०, ईट्टा उद्योग-२ जस्ता उद्योग हरु संचालनमा रहेका छन भने साना डेरी, बेकरी जस्ता उद्योगहरु पनि संचालनमा रही आर्थिक क्रियाकलापमा योगदान पुर्याएका छन।

## ङ) औद्योगिक ग्राम

नगर क्षेत्रमा औद्योगिक ग्राम स्थापनाका लागि उपयुक्त जग्गा पहिचान तथा अध्ययन कार्य भैरहेको छ।

## च) सीप विकास सम्बन्धी

मध्यविन्दु नगरपालिका क्षेत्रभित्र सीप विकासका लागि उद्यम विकास शाखा, महिला, बालबालिका तथा समाज कल्याण शाखा, सहकारी शाखा लगायतका विभिन्न शाखा मार्फत सीप विकास तालिम संचालन भएका छन। जस अन्तर्गत ब्युटिसियन, साबुन/सर्फ बनाउने, ड्राईभिङ्ग, सिलाई कटाई, कफि बनाउने, कम्प्युटर सीप विकास जस्ता विषयमा सीप विकास सम्बन्धी तालिम संचालन भएका छन।

## छ) श्रम तथा रोजगारी सम्बन्धी विवरण

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/८० मा ६८६ सूचिकृत बेरोजगार मध्ये ४६ जनालाई ३६७७ दिन रोजगारी दिईएको थियो भने चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म ७४३ सूचिकृत वेरोजगार मध्ये ६५ जनालाई रोजगारी प्रदान गरिएको छ।

यस नगरपालिकाबाट आ.व. २०७९/८० मा ४० जनालाई अनलाईन श्रम स्वीकृतिको लागि सहजीकरण गरिएकोमा चालु आ.व. २०८०/८१ को चैत मसान्त सम्म ४१२ जनालाई अनलाईन श्रम स्वीकृतिको लागि सहजीकरण गरिएको छ।

## ज) व्यवसाय दर्ता विवरण

| क्र.स. | व्यवसाय | आ.ब. २०७८/७९ सम्म | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ चैत्र मसान्त सम्म | हाल सम्म जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्यापारिक | १७१० | १०४ | १११ | १९२५ | |
| २ | उत्पादनमुलक | ५६१ | ९७ | ५९ | ७१७ | |
| | जम्मा | २२७१ | २०१ | १७० | २६४२ | |

## झ) वाणिज्य र बजार अनुगमन

नगर भित्रका मुख्य बजार चोरमारा, अरुणखोला र कोल्हुवा क्षेत्रमा नियमित रुपमा र अन्य क्षेत्रमा आवश्यकता अनुसार नगरपालिकाबाट अनुगमन गरी म्याद नाघेका, विग्रेका, सडेगलेका खाद्य सामग्रीहरु जफत गरी नष्ट गर्ने कार्य भएको छ। साथै, अनुगमनका क्रममा व्यवसाय दर्ता तथा नविकरण, विल लिने/दिने परिपाटि, मुल्य सूची राखे/नराखेको अनुगमन गरि सुधार गर्नका लागि निर्देशन दिने गरिएको छ। गत आर्थिक वर्ष २०७९/८० मा कुल ८६ वटा होटेल, रेष्टुरेन्ट तथा पसलमा अनुगमन गरिएकोमा चालु आर्थिक वर्षको चैत मसान्त सम्म २०८०/८१ मा ९१ वटा होटेल, रेष्टुरेन्ट तथा पसलमा अनुगमन गरिएको छ। खाद्य पदार्थको गुणस्तर नियन्त्रणलाई बजार अनुगमनसँग सम्बन्धित अन्य निकायहरुसँगको समन्वयमा प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

## ञ) कृषि उत्पादन

मध्यविन्दु नगरपालिका क्षेत्रभित्र रहेको खेतीयोग्य जमिन तथा विगतका वर्षहरुमा भएको उत्पादन प्रवृत्तिका आधारमा मुख्य खाद्यबालीको अनुमानित उत्पादनको अवस्था देहाय अनुसार रहेको छ।

| क्र.स. | बाली | उत्पादन (मे.टन) |
|---|---|---|
| १. | धान | २२१९८ |
| २. | मकै | १४८० |
| ३. | गहुँ | ३७९३ |
| ४. | आलु | ६९९५ |
| ५. | काउली/बन्दा | १६७ |
| ६. | गोलभेडा | २१० |
| ७. | कागती | २४ |
| ८. | लहरे तरकारी बाली (करेला/ लौका/फर्सी आदि) | २०६ |

| | | |
|---|---|---|
| ९. | अदुवा/ बेसार | ८७ |
| १० | लसुन/ प्याज | ४३ |
| ११ | तेलहन बाली | ७५१ |

## ट) बजार केन्द्रहरु

नगरक्षेत्रभित्र मुख्य बजार क्षेत्रका रुपमा चोरमारा, अरुणखोला र कोल्हुवा रहेका छन भने अन्य विभिन्न स्थानमा साना प्रकृतीका बजारले समेत आर्थिक गतिविधिहरुलाई चलायमान बनाएका छन।

## ठ) पर्यटन सम्बन्धी

चितवन राष्ट्रिय निकुञ्ज प्रवेशको वैकल्पिक स्थानको रुपमा मध्यविन्दु नगरपालिका विकास हुँदै गईरहेको छ। साथै, नगरपालिका भित्र नारायणी तटिय क्षेत्र, लोहासेधारा मन्दिर, वरपिपल, नन्द भाउजु ताल लगायतका क्षेत्र पर्यटकीय गन्तब्यका रुपमा बिकसित हुँदै गईरहेका छन।

## ड) उत्पादनमूलक सहकारी

नगरपालिका अन्तर्गत ११ वटा सहकारीहरुले प्रत्यक्ष रुपमा उत्पादनमा योगदान पुग्ने गरी कार्य संचालन गरि रहेका छन।

| क्र.स. | सहकारीको नाम | ठेगाना | सदस्य जम्मा | शेयर पूँजी | कूल वचत | कूल ऋण लगानी | कूल सम्पत्ति / दायित्व | जगेडा कोष | संस्थाको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अमृत कृषि सहकारी संस्था लि स | म.न.पा १० | १९० | १,४६४,७४२.०० | - | १,५२३,१०७.०० | २३,५१३,५६५.०८ | १,७८९,३९०.५३ | उत्पादन मूलक |
| २ | मध्यविन्दु कृषि सहकारी स.लि. | म.न.पा ९ | २९८ | १,४४४,९००.०० | १,६०५,८९१.५५ | १,२४२,९२५.०० | ७,३९४,९८५.०५ | ४,८००.५४ | उत्पादन मूलक |
| ३ | प्रकृति कृषि सहकारी स.स | म.न.पा.१ | ३४९ | १,६५४,०००.०० | ७,७७३.०० | - | १७,५६७,१८३.६२ | ८९२,६३५.६२ | उत्पादनमूलक |
| ४ | स.लि.नयाँबेलहानी | म.न.पा.१० | ११७९ | १२,२७२,६००.०० | ५८,३३७,५८२.६८ | ११०,२४३,०७८.०० | १३९,२१४,७३७.८५ | ८,७२९,८५३.८२ | कृषि सहकारी |
| ५ | तम्सरिया साना किसान कृषि स.स.लि. | म.न.पा.७ | १४८० | १२,५७६,०००.०० | ६०,५१२,४९७.१० | ९०,६२३,५८९.०० | ११७,९५३,३०२.१२ | ५,८०१,९५१.६० | कृषि सहकारी |
| ६ | पाचपाण्डव दुग्धउत्पादक स.स.लि. | म.न.पा.४ | १६५ | २९१,२११.७२ | - | १२,०००.०० | १४,६५४,५३५.०० | ३७६,२४२.५३ | उत्पादन मूलक |
| ७ | नवसूर्य किरण कृषि स.स.लि. | म.न.पा.१५ | २९२ | १,७६५,०००.०० | ९,२३३,८७८.५० | १०,७५५,१३१.०० | १९,२१८,३९४.५० | ५४७,०२०.३३ | कृषि सहकारी |
| ८ | फुलबारी कृषि स.स.लि. | म.न.पा.८ | २५५ | ४९४,५००.०० | ५६५,७२३.५० | ६४२,१४८.०० | ४,७८१,०५६.०८ | - | उत्पादनमूलक |
| ९ | आत्मनिर्भर कृषि स.स.लि. | म.न.पा.७ | ३३९ | १,९१८,१००.०० | ३,६६८,९११.०० | ९,४८७,१०७.०० | १४,६९२,४७२.२१ | १३८,४३०.८९ | कृषि सहकारी |
| १० | उत्पादक स.स.लि. | म.न.पा.१० | २२८ | १,१७५,२००.०० | १,६३७,५८३.१३ | ३,२३९,०००.०० | ४,४९८,७५७.५० | १,२५३,७९७.९२ | उत्पादनमूलक |
| ११ | प्रसौनी साना किसान कृषि स.स.लि. | म.न.पा.१५ | ११६३ | ८,३८७,०००.०० | ६०,५८१,०९६.७९ | ९२,३९१,०१४.१६ | ११४,४१७,५३९.२९ | ५,२४३,७८६.७९ | कृषि सहकारी |

## ढ) आर्थिक क्षेत्रका चुनौतीहरु

- सडक, सिचाई लगायतका आधारभुत पुर्वाधारहरुको विकास गर्नु,
- बैंक, वित्तिय संस्था तथा सहकारीको सेवामा आम नागरिकको पहुँच विस्तार गर्नु,
- तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी उद्यमशिलता विकास गर्नु,

- उद्योग स्थापनाको लागि औद्योगिक ग्राम लगायतका पुर्वाधारको विकास गर्नु,
- सीपयुक्त र दक्ष मानव संसाधनको विकास गरी रोजगारी वृद्धि गर्नु,
- स्थानीय उत्पादनको उत्पादन लागतमा कमि ल्याई बजारको सुनिश्चितता गर्नु,
- स्थानीय भाषा, संस्कृती र परम्पराको संरक्षण तथा पर्यटकीय क्षेत्रमा लगानी वृद्धि गर्नु,

## ५. सामाजिक विकास (गत आर्थिक वर्ष र चालु आ.व. को चैत मसान्त सम्मको विवरण)

### क) स्वास्थ्य

**क) स्वास्थ्य सम्बन्धी आधारभुत सूचक**

स्वास्थ्य क्षेत्रमा बढ्दै गएको सार्वजनिक तथा निजी लगानी र स्वास्थ्य सम्बन्धी नागरिकको चेतनामा वृद्विले स्वास्थ्यका सुचकांकमा उल्लेखनीय सुधार हुँदै गएको छ। नगरपालिकाले विशेषज्ञ चिकित्सक सहित ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, पहाडि क्षेत्रमा थप सुत्केरी यातायात खर्च, सुत्केरी पोषण खर्च, सिमान्तकृत समुदायको निशुल्क स्वास्थ्य विमा कार्यक्रम जस्ता नविनतम कार्यहरु मार्फत स्वास्थ्य क्षेत्रमा सुधार गरिएको छ।

| सूचक | आर्थिक वर्ष २०७९/८० | आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तसम्म |
|---|---|---|
| कम्तिमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत | १२४.५ | ८९.२ |
| ८ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत | ३८.५ | ३८.८ |
| ४ पटक सुत्केरी जाँच गराउने सुत्केरी महिलाको प्रतिशत | १५.१ | २२.६ |
| पूर्ण रुपमा खोप लगाउने वालवालिका प्रतिशत | ८४.३ | ७१.१ |
| परिवार नियोजनका साधनको प्रयोग दर | ११.४ | ११ |

**राष्ट्रिय खोप कार्यक्रम**

नेपाल सरकारको स्वास्थ्य तर्फको (P१) पहिलो प्राथमिकताको कार्यक्रम अन्तर्गत पर्ने राष्ट्रिय खोप कार्यक्रममा बालबालिकाहरुलाई १३ प्रकारका रोग विरुद्द खोप उपलब्ध हुँदै आएको छ। यी खोपका कारण बालबालिकामा हुने क्षयरोग, झाडापखाला, न्यूमोनिया, धनुष्टंकार लगायतका विभिन्न रोगहरुलाई रोकथाम,नियन्त्रण तथा निवारण गर्न सहज भएको छ।

| सूचक | आर्थिक वर्ष २०७९/८० | आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तसम्म |
|---|---|---|
| वि.सी.जी.प्रतिशत | ७०.४ | ४५.८ |
| डी.पी.टि.हेप-पी.हिब.(तेस्रो मात्रा) | ८२.१ | ७५.८ |
| पोलियो (तेस्रो मात्रा) | ८२.१ | ७५.८ |

| | | |
|---|---|---|
| दादुरा रुबेला (दोस्रो मात्रा) | ८४.३ | ७१.१ |
| पी.सी.भी.(तेस्रो मात्रा) | ८४.३ | ७१.१ |
| जे.ई. | ८४.८ | ८०.३ |
| टाइफाइड | ८४.३ | ७०.६ |
| गर्भवती महिला | | |
| टिटानस र डीप्थेरिया 2&2+ | ६३.४ | ४८.५ |

**ख) प्राथमिक स्वास्थ्य सेवा**

नगर अस्पताल

| सेवा /संख्या | आर्थिक वर्ष २०७९/८० | आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तसम्म |
|---|---|---|
| अन्तरंग सेवा (Indoor सेवा) | हाल सम्म अन्तरंग सेवा संचालन नभएको | |
| बहिरंग सेवा (OPD सेवा) | १८,९४९ | १६,६७२ |
| आकस्मिक सेवा (Emergencyसेवा) | १६२० | १७९१ |

स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्र

| सेवा /संख्या | आर्थिक वर्ष २०७९/८० | आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तसम्म |
|---|---|---|
| बहिरंग सेवा (OPD सेवा) | ५१,९१७ | ३६,०८८ |

**ग) स्वास्थ्य विमा**

आर्थिक वर्ष २०८०/८१ मा मध्यविन्दु नगरपालिका भित्रका ६६६५ परिवारले स्वास्थ्य विमा गरेका छन जसमध्ये २१,०५३ जना परिवार सदस्यहरुले स्वास्थ्य विमा मार्फत सेवा लिएका छन।

## ख) खानेपानी र सरसफाई

**क) खानेपानी**

